| CSRC आत्मनिर्भर केन्द्र | **स्थानीय, प्रादेशिक र संघीय भूउपयोग योजना तर्जुमा सम्बन्धी निर्देशिका ( गाईडलाइन) तयार गर्ने सम्बन्धी कार्यादेश (ToR)** |
|---|---|
| **परिचय :** | भूउपयोग ऐन २०७६ मा भएको व्यवस्था अनुरुप संघीय, प्रादेशिक र स्थानीय भूउपयोग योजना तयार गर्नुअघि भूमिको वस्तुस्थिति, जनसंख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार लगायतका विषयमा अध्ययन गरी दिर्घकालिन भूउपयोग योजनाको आधारपत्र तयार गर्नुपर्ने व्यवस्था छ । हाल भूमि व्यवस्था, सहकारी र गरिवी निवारण मन्त्रालय बाट संघीय भूउपयोग योजनाको आधारपत्र तयार गर्ने कार्य भैरहेको छ । उक्त आधारपत्र तयार भएपछि राष्ट्रिय, प्रादेशिक र स्थानीय स्तरको भूउपयोग योजना तर्जुमा गर्नु पर्ने तर सबै तहमा उक्त योजना तर्जुमा गर्नका लागी आवस्यक शैद्धान्तिक र प्रक्रियागत ज्ञान र सिपको अभाव हुन सक्ने भएकाले र सबै तहले तयार गर्ने भूउपयोग योजनाहरुमा सारभूत रुपमा एकरुपता कायम गराउन भूउपयोग योजना तर्जुमा सम्बन्धी निर्देशिका (गाईडलाइन) तयार गर्न आवश्यक देखिन्छ । |
| **पृष्ठभूमि** | सरकारले भूउपयोग ऐन, २०७६ लागु गरेको छ । ऐनमा भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, बन क्षेत्र, नदी खोला ताल सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र अन्य गरी १० प्रकारमा वर्गिकरण गर्नुपर्ने व्यवस्था छ । कानुनमा भएका यि प्रावधानहरुको कार्यान्वयन महत्वपूर्ण छ। यसका लागि ठुलो आर्थिक स्रोत र जनशक्ति चाहिन्छ ।<br><br>राष्ट्रिय, प्रादेशिक र संघीय भूउपयोग योजना तर्जुमा सम्बन्धी निर्देशिका (गाइडलाइन) तयार गर्ने सम्बन्धी भूमि व्यवस्था व्यस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र केयर नेपाल बीच समझदारी भई कार्य अघि बढेको छ । |
| **उद्देश्य** | भूउपयोग ऐन २०७६ मा भएको व्यवस्था अनुरुप संघीय, प्रादेशिक र स्थानीयस्तरको भूउपयोग योजना तयार गर्न आवश्यक पर्ने भूउपयोग योजना तर्जुमा सम्बन्धी निर्देशिका तयार गर्ने । |
| **कामको क्षेत्र** | • भूउपयोग ऐन, मस्यौदा नियमावली र अन्य आवस्यक सन्दर्भ सामाग्रीको अध्ययन एवं समीक्षा<br>• अन्य देशको अनुभव एवं अभ्यासको खोजी र अध्ययन<br>• निर्देशिकाको मस्यौदा र प्रस्तुती<br>• पृष्ठपोषणको आधारमा परिमार्जन र अन्तिमीकरण |
| **विधी एवं प्रक्रिया** | परामर्शदाता व्यक्ति वा कम्पनीले यस विषयमा सहभागीमुलक तवरले छलफल गरी प्रस्तावनामा उल्लेख भए वमोजिमका विधी र प्रक्रियामा रही सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको तोकिएको व्यक्तिसँग समन्वयमा रही कार्य गर्नुपर्नेछ । |

| | |
|---|---|
| **प्राप्त गर्नुपर्ने नतिजा एवं उपलव्धीहरु** | यस कार्यबाट संघीय, प्रादेशिक र स्थानीयस्तरको जलवायु परिवर्तनबाट प्रभावित सिमान्तकृत भूमिहीन तथा साना किसानको अधिकार सुनिश्चित गर्न आवश्यक पर्ने भूउपयोग योजना तर्जुमा सम्बन्धी निर्देशिका । |
| **समय अवधी** | ५-२५ डिसेम्बर, २०१९ |
| **बजेट** | यस कार्यको लागि आवस्यक सामाग्री संकलन गर्ने, विभिन्न व्यक्तिहरुसँग अन्तर्वाता गर्ने, भएका स्रोत सामाग्रीहरुको अध्ययन गर्ने र गाईडलाईन तर्जुमा गर्ने कार्यको लाग रु. ४५०,००० (चार लाख पचास हजार) बजेट रहेको छ । |
| **परामर्शदता व्यक्ति/संस्था /कम्पनीको न्यूनतम योग्यता** | भूउपयोग योजना सम्बन्धी विषयमा जानकारी हासिल गरेको । भूमि सम्बन्धी अध्ययन अनुसन्धान आदि कार्यमा संलग्न भएको । भूउपयोग नीति र ऐन तर्जुमा प्रक्रियामा संलग्न भएको |
| **मुल्याकंन** | यस कार्यादेशको उद्देश्य मिल्दो काम गरिसकेका वा त्यस विषयमा विशेष अनुभव भएका र यस सम्बन्धी निती, कानुन तर्जुमा आदि कार्यमा संलग्नलाई प्राथामिकता दिईनेछ । |
| **आशय पत्रका लाग अनुरोध** | उल्लेखित योग्यता पुगेका व्यक्ति/संस्था /कम्पनीले विगतमा गरेको कामको विवरण झल्किने गरी सम्बन्धीत विषयमा आफ्नो अनुभव खुलाई कानुनी कागजात, भ्याट विवरण र संक्षिप्त प्रस्तावना समेत डिसेम्वर ४ तारेख भित्र संस्थाको ईमेल आईडी **landrights@csrcnepal.org** वा धापासीस्थित कार्यालयमा पेश गर्न अनुरोध छ। |

***

| CSRC आत्मनिर्भर केन्द्र | **अनौपचारीक बसोबासी तथा भूसम्बन्धको पहिचान, नक्सांकन तथा अभिलेखन सम्बन्धी कार्यविधी तर्जुमा सम्बन्धी कार्यादेश (ToR)** |
|---|---|
| **परिचय :** | देशको कुल भूभागको करीब २८ प्रतिशत क्षेत्र आवादी क्षेत्र छ । जसको करिब ७५ प्रतिशत औपचारिक रुपमा दर्ता भएको जग्गाको मात्र भूसम्बन्ध, भूस्वामित्व र अधिकार सम्बन्धी  सुचना राज्यको अभिलेखमा रहेको पाईन्छ । अनौपचारिक भूसम्बन्ध कायम रहेको बाँकी करीब २५ प्रतिशत क्षेत्रमा कायम रहेको बसोबासको कुनै सुचना राज्यको अभिलेखमा छैन। यस बाहेक समग्रमा बाँकी करिब ७२ प्रतिशत जग्गा सामान्यतया सरकारी जग्गा (बन, जंगल, नदी नाला, हिमाल, पहाड, गौचरन लगायत) मानिन्छ । नाप नक्सा हुन बाँकी रहेको नेपालको सम्पुर्ण आवादी क्षेत्रको कुन क्षेत्रको, कस्तो किसिमको जग्गामा, कति क्षेत्रफलमा, कुन व्यक्ति (प्राकृतिक वा कानूनी) को, कस्तो किसिमको अधिकार, कहिले देखि कायम भएको हो, सो को प्रष्ट सुचना तयार हुन आवस्यक छ ।<br>हाल औपचारिक रुपमा दर्ता भएको जग्गाको सुचना अद्यावधिक गर्ने र हाल यस्तो किसिमको कुनै सुचना उपलव्ध नभएको अनौपचारिक भूसम्बन्ध भएको ऐलानी, पर्ती र अन्य सरकारी जग्गामा लामो समय देखि बसोबास भएको स्थान  र सो स्थानमा बसोबास गर्ने भूमीहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको बिस्तृत सुचना आवस्यक छ। साथै आवादी बाहेको अन्य क्षेत्रमा समेत कुन क्षेत्रमा कुन तहको सरकार वा समुदायको कस्तो सम्बन्ध, स्वामित्व वा अधिकार हुने हो सो प्रष्ट हुने गरी बिस्तृत अभिलेख तयार हुनु पर्दछ। |
| **पृष्ठभूमि** | भूमि व्यवस्था, सहकारी र गरिवी निवारण मन्त्रालयको अगुवाईमा अघिल्लो वर्ष उद्देश्य सापेक्ष भूमि प्रशासन रणनीति विकास भएको थियो । यसलाई भूमि नीतिले पनि समेटेको छ । नीतिले लामो समयदेखि नसुल्झिएका भूमि सुधारसम्बन्धी विभिन्न मुद्दा सम्बोधन गर्ने लक्ष्य राखेको छ । नीतिमा गरिब तथा सीमान्तकृत व्यक्तिहरूको भूमिमा समान पहुँच, विभिन्न प्रकारको भूसम्बन्ध व्यवस्थापन, विश्वसनीय र गुणस्तरीय सेवा प्रवाह, भूउपयोग योजना तथा व्यवस्थापन जस्ता मुद्दालाई सम्बोधन गर्ने रणनीति र कार्यनीति तर्जुमा गरिएका छन् ।<br><br>भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, यूएन ह्याविट्याट, सामुदायिक आत्मनिर्भर  सेवा केन्द्र र सम्बन्धीत स्थानीय तहको साझेदारीमा बेलका नगरपालीका र भरतपुर उपमहानगरपालीकामा एसटिडिएम विधीको प्रयोग गरी भूमिको परिवेश विश्लेषण कार्य भईरहेको छ । त्यसको समीक्षाबाट प्रभावकारी नतिजा आएको र सुकुम्वासी एवं अव्यवस्थित वसोवासीको समस्या हल गर्न आवस्यक आधारभूत सूचना संकलन गन यो प्रभावकारी लागेकाले यस्तो परिवेश विश्लेषण गर्न अन्य स्थानीय तहबाट पनि माग भई आएकाले विगतको अनुभवको आधारमा कार्यविधी बनाउन आवस्यक भएको छ । |

| | |
|---|---|
| **उद्देश्य** | (१) भूमिहीन, अव्यवस्थित वसोवासी र उनिहरुले वसोवास एवं जोतकमोत गर्दै आएको जग्गाको पहिचान, जाँच र अभिलेखनको लागी स्पष्ट कार्यविधी तयार गर्ने । |
| **कामको क्षेत्र** | • उद्देश्यमा आधारित भूमि प्रशासन सम्बन्धी रणनीति, भूमि नीति र यस सँग सम्बन्धीत ऐनहरुको अध्ययन<br>• हाल भरतपुर महानगरपालिका र वेलका नगरपालिकामा भईरहेको अध्ययन कार्यको समीक्षा<br>• भूपरिवेश विश्लेषण कार्यक्रममा क्रियाशिल सहजकर्ता र अधिकृतहरुसँग छलफल<br>• कार्यविधीको मस्यौदा र प्रस्तुती<br>• पृष्ठपोषणको आधारमा परिमार्जन र अन्तिमीकरण |
| **विधी एवं प्रक्रिया** | परामर्शदाता व्यक्ति वा कम्पनीले यस विषयमा सहभागीमुलक तवरले छलफल गरी प्रस्तावनामा उल्लेख भए वमोजिमका विधी र प्रक्रियामा रही सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको तोकिएको व्यक्तिसँग समन्वयमा रही कार्य गर्नुपर्नेछ । |
| **प्राप्त गर्नुपर्ने नतिजा एवं उपलव्धीहरु** | भूमिहीन, अव्यवस्थित वसोवासी र उनिहरुले वसोवास एवं जोतकमोत गर्दै आएको जग्गाको पहिचान, जाँच र अभिलेखनको लागी कार्यविधी |
| **समय अवधी** | ५-२५ डिसेम्बर, २०१९ |
| **बजेट** | यस कार्यको लागि आवस्यक सामाग्री संकलन गर्ने, विभिन्न व्यक्तिहरुसँग अन्तर्वाता गर्ने, भएका स्रोत सामाग्रीहरुको अध्ययन गर्ने र गाईडलाईन तर्जुमा गर्ने कार्यको लागि रु. १५०,००० (एक लाख पचास हजार) बजेट रहेको छ । |
| **परामर्शदता व्यक्ति/संस्था /कम्पनीको न्यूनतम योग्यता** | उद्देश्य सापेक्षित भूमिसुधार सम्बन्धी विषयमा जानकारी हासिल गरेको । Social Tenure Domain Model को विषयमा जानकारी भई यस अनुसार सूचना कार्यमा संलग्न भएको । भूमि सम्बन्धी अध्ययन अनुसन्धान आदि कार्यमा संलग्न भएको । हाल भरतपुर, बेलका आदि स्थानीय तहमा भएको परिवेश विश्लेषण कार्यबारे जानकार । |
| **मुल्याकंन** | यस कार्यादेशको उद्देश्य मिल्दो काम गरिसकेका वा त्यस विषयमा विशेष अनुभव भएका र यस सम्बन्धी निती, कानुन तर्जुमा आदि कार्यमा संलग्नलाई प्राथामिकता दिईनेछ । |
| **आशय पत्रका लाग अनुरोध** | उल्लेखित योग्यता पुगेका व्यक्ति/संस्था /कम्पनीले विगतमा गरेको कामको विवरण झल्किने गरी सम्बन्धीत विषयमा आफ्नो अनुभव खुलाई कानुनी कागजात, भ्याट विवरण र संक्षिप्त प्रस्तावना समेत डिसेम्बर ४ तारेख भित्र संस्थाको ईमेल आईडी **landrights@csrcnepal.org** वा धापासीस्थित कार्यालयमा पेश गर्न अनुरोध छ। |